प्रति साधारण शेयर रु.१००/- अंकित दरको ३,४५,८०० कित्ता हकप्रद साधारण शेयरको निष्काशन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

Mount Makalu | माउण्ट मकालु डेभलपमेन्ट बैंक लि. |
Development Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत पत्र प्राप्त संस्था)
(तेह्रथुम जिल्ला कार्यक्षेत्र भएको)
लालीगुराँस न.पा.२, बसन्तपुर, तेह्रथुम, नेपाल, फोन : ०२६-६३०१२४, ४०२०३०, फ्याक्स: ०२६-४०२०३१
E-mail: info@mmdbank.com, Website: www.mmdbank.com

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको : मिति २०७४/६/२३
नेपाल स्टक एक्सचेन्ज लि. मा सूचिकरणको लागि निवेदन पेश गरेको : मिति २०७४/६/२७
सिडिएस एण्ड क्लियरिङ्ग लि. मा अभौतिकीकरणको लागि निवेदन पेश गरेको : मिति २०७४/६/२७

हकप्रद शेयरको बिक्री खुल्ला अवधि:
निष्काशन खुल्ला मितिः २०७४/८/०७ गते
निष्काशन बन्द हुने मितिः २०७४/९/१२ गते
(बैकिङ्ग समय पश्चात्)

२ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयरको

हकप्रद शेयर निष्काशन (Rights Issue) सम्बन्धी सूचना

डेभलपमेन्ट बैंकको हाल कायम चुक्ता पूँजी रु.६,९१,६०,०००/- को दुई शेयर बराबर एक शेयर (२ : १) को अनुपातमा रु.१००/- अंकित दरका ३,४५,८०० कित्ता हकप्रद साधारण शेयर मिति २०७४/७/१६ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्काशन गर्नको लागि प्रकाशित गरिएको ।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

१. संगठित संस्थाको नामः माउण्ट मकालु डेभलपमेण्ट बैंक लिमिटेड (Mount Makalu Development Bank Ltd.) ।

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय : यस डेभलपमेण्ट बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय लालीगुराँस न.पा.-२, तेह्रथुममा रहेको छ ।

३. कारोबार स्थान :

यस डेभलपमेण्ट बैंकको वित्तीय कारोवार गर्ने मुख्य स्थान लालीगुराँस न.पा.-२, तेह्रथुममा रहेको छ । यसको अलावा डेभलपमेण्ट बैंकले तेह्रथुम जिल्लाकै साब्ला गा.वि.स. जिरीखिम्ती बजार स्थित आफ्नो शाखा कार्यालय मार्फत वित्तीय कारोवारहरु गर्दै आइरहेकोछ । भविष्यमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सक्नेछ ।

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

माउण्ट मकालु डेभलपमेण्ट बैंक लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६६/८/१९ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०६७/३/३० मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त गरी मिति २०६७/४/५ गते देखि डेभलपमेण्ट बैंकले आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ । यस डेभलपमेण्ट बैंकका संस्थापकहरुमा बैंक/वित्तीय क्षेत्र, स्वास्थ्य, पर्यटन, बैदेशिक रोजगार, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै ब्यबस्थापन क्षेत्रमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् । नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोबार (वित्तीय ब्यबसाय) गर्ने यस डेभलपमेण्ट बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

अ) डेभलपमेण्ट बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने,
आ) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाब्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,
इ) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,
ई) वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारिकरणमा मद्दत पुऱ्याउने तथा देशको अर्थतन्त्रलाई सवल एवं सुदृढ बनाउन सहयोग पुऱ्याउने, र
उ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनीयता अभिबृद्धि गर्न सहयोग पुऱ्याउने ।

५. शेयर पूँजीको संरचना :

क) अधिकृत पूँजी :
यस डेभलपमेण्ट बैंकको अधिकृत पूँजी रु.२०,००,००,०००/- (अक्षरेपी बीस करोड) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा २०,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

ख) जारी पूँजी :
यस डेभलपमेण्ट बैंकको जारी पूँजी रु.१०,३७,४०,०००/- (अक्षरेपी दश करोड सैंतिस लाख चालिस हजार) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- का दरले १०,३७,४०० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

ग) चुक्ता पूँजी :
हाल यस डेभलपमेण्ट बैंकको चुक्ता पूँजी रु.६,९१,६०,०००/- (अक्षरेपी छ करोड एकान्नब्बे लाख साठी हजार) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- अंकित मूल्यका ६,९१,६०० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । स्वीकृत विवरण मार्फत् हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् डेभलपमेण्ट बैंकको चुक्ता पूँजी रु.१०,३७,४०,०००/- (अक्षरेपी दश करोड सैंतिस लाख चालिस हजार) हुनेछ ।

६. हकप्रद शेयर निष्काशन गरि बाँडफाँट गरे पश्चात् हुने चुक्ता पूँजीको संरचना :

हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने डेभलपमेण्ट बैंकको चुक्ता पूँजीको संरचना :

समूह	शेयरधनी	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
(क)	संस्थापक	५,२९,०७४	५१%	५,२९,०७,४००/-	शतप्रतिशत
(ख)	सर्वसाधारण (कर्मचारीहरु समेत)	५,०८,३२६	४९%	५,०८,३२,६००/-	शतप्रतिशत
	जम्मा	**१०,३७,४००**	**१००%**	**१०,३७,४०,०००/-**	

७. सञ्चालकहरुको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

डेभलपमेण्ट बैंकको संचालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ :

सि.नं	नाम र ठेगाना	पद	उमेर (बर्ष)	राष्ट्रियता	शेयर स्वामित्व (कित्ता)	शैक्षिक योग्यता	प्रस्तावित ब्यापार/ब्यबसायमा अनुभव
१.	श्री हरिकृष्ण निरौला लालीगुराँस न.पा.-२, तेह्रथुम (संस्थापक समूह)	अध्यक्ष	६७	नेपाली	१०,३७४	एम.ए.	• स्थापनाकाल देखि नै अध्यक्ष : माउण्ट मकालु डेभलपमेण्ट बैंक लि. • पूर्व अध्यक्ष-माउण्ट मकालु सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. • पूर्व अध्यक्ष-समाज विकास केन्द्र नेपाल • क्याम्पस प्रमुख-बसन्त बहुमुखी क्याम्पस • पुर्व अध्यक्ष-सामुदायिक विकास समिति • पूर्व अध्यक्ष-माउण्ट मकालु एकेडेमिक फाउण्डेशन • बिभिन्न शैक्षिक संस्थाहरुमा विगत २२ बर्ष देखि प्राध्यापकको रुपमा आबद्ध ।
२.	श्री लछुमन तिवारी लालीगुराँस न.पा.-२, तेह्रथुम (संस्थापक समूह)	सञ्चालक	४६	नेपाली	८,६४५	एस.एल.सी.	• स्थापनाकाल देखि नै संचालकः माउण्ट मकालु डेभलपमेण्ट बैंक लि. • पूर्व अध्यक्ष तथा उपाध्यक्ष-माउण्ट मकालु सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. • पूर्व अध्यक्ष तथा सदस्य-बसन्त उच्च माध्यामिक विद्यालय • संयोजक-राष्ट्रिय लालीगुराँस व्यवस्थापन संरक्षण समिति • अध्यक्ष-माउण्ट मकालु एकेडेमिक फाउण्डेशन • अध्यक्ष-बसन्त बहुमुखी क्याम्पस • निर्देशक-तेह्रथुम पावर कम्पनी प्रा.लि. • पूर्व महासचिव-पर्यटन विकास तथा प्रवर्द्धन समिति तेह्रथुम • पूर्व अध्यक्ष-जिल्ला खेलकुद विकास समिति पूर्व क्षेत्रिय सदस्य-निर्माण व्यवसायी संघ • बिभिन्न सामाजिक संस्थाहरुमा विगत १३ बर्ष देखि आबद्ध ।
३.	श्री गणेश प्रसाद बराल लालीगुराँस न.पा.-२, तेह्रथुम (संस्थापक समूह)	सञ्चालक	४४	नेपाली	६,९१६	एम.ए. (अर्थशास्त्र)	• स्थापनाकाल देखि नै संचालकः माउण्ट मकालु डेभलपमेण्ट बैंक लि. • पूर्व सदस्य-माउण्ट मकालु सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. • पूर्व सचिव तथा कोषाध्यक्ष-समाज विकास केन्द्र नेपाल • प्राध्यापक-बसन्त बहुमुखी क्याम्पस • वसन्त उच्च मा.वि. • कोषाध्यक्ष-सामुदायिक विकास समिति • प्रबन्ध निर्देशक-माउण्ट मकालु एकेडेमिक फाउण्डेशन • बिभिन्न शैक्षिक संस्थाहरुमा विगत १२ बर्ष देखि प्राध्यापकको रुपमा आबद्ध ।
४.	श्री कुमार खड्का लालीगुराँस न.पा.-२, तेह्रथुम (संस्थापक समूह)	प्रबन्ध सञ्चालक	४५	नेपाली	१०,४०९	एम.वि.ए. वित्त	• स्थापनाकाल देखि नै प्रबन्ध संचालक : माउण्ट मकालु डेभलपमेण्ट बैंक लि. • पूर्व अधिकृत-माउण्ट मकालु सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. • पूर्व महासचिव-समाज विकास केन्द्र नेपाल • पूर्व संरक्षक तथा सचिव-सामुदायिक विकास समिति • आंशिक प्राध्यापन : वसन्त बहुमुखी क्याम्पस ।
५.	श्री लिल बहादुर लिम्बु रोगु मारेककटहरे-८, धनकुटा (सर्वसधारण समूह)	संचालक	४८	नेपाली	३५२	एम.ए.	• विगत १ वर्ष देखि संचालकः माउण्ट मकालु डेभलपमेण्ट बैंक लि. • पूर्व प्रअ : धर्मदोय मावि, मारेककटहरे • संस्थापक सचिवः बाघडोल विकास समिति ललितपुर • प्रबन्ध संचालक : सप्तकोशी ट्राभल एण्ड टुर्स • सभापतिः रुदुहाङ ट्रष्ट, धनकुटा • सल्लाहाकार : कि.या.छु. केन्द्र समिति,काठमाडौं • सचिव : Lions club of Kathmandu Brave Kathmandu ।
६.	श्री हरि प्रसाद ढुंगेल सक्रान्तिबजार-६, तेह्रथुम (सर्वसधारण समूह)	संचालक	४५	नेपाली	३४६	आइ.ए.	• विगत १ वर्ष देखि संचालक : माउण्ट मकालु डेभलपमेण्ट बैंक लि. • सदस्य : उद्योग वाणिज्य संघ • सदस्यः लेखापढी कानुन व्यवसायी संघ • जनचेतना अभियानमा २ वर्ष सामाजिक परिचालक १५ वर्ष देखि व्यापार व्यवसायमा संलग्न ।

नोटः हाल सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना संचालक तथा नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञबाट मनोनित १ (एक) जना संचालक नियुक्त हुन बाँकी रहेकोले संचालक पद ३ (तीन) रिक्त रहेको छ ।

डेभलपमेण्ट बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरण :

नामः श्री कुमार खड्का । **ठेगानाः** लालीगुराँस न.पा.२, वसन्तपुर, तेह्रथुम । **योग्यताः** एम.वि.ए. (वित्त)
अनुभवः माउण्ट मकालु डेभलपमेन्ट बैंक लि.मा प्रमुखको रुपमा प्रबन्ध संचालकको पदमा स्थापनाकाल देखि करिब ८ बर्ष कार्य गरेको अनुभव, माउण्ट मकालु बचत तथा ऋण सहकारी संस्थामा अधिकृत तहको पदमा ५ वर्षको कार्य अनुभव र अन्य सामाजिक तथा गैर मुनाफामा आधारित संघ संस्थामा संलग्न भई कार्य गरेको अनुभव ।

८. संचालक समितिको बनौट :

डेभलपमेण्ट बैंकको नियमावलीमा भएको व्यवस्था अनुसार ९ (नौ) जना संचालकहरु रहेको एक संचालक समिति देहाय बमोजिम गठन हुनेछ :

समूह "क" का संस्थापक शेयरधनीहरुका तर्फबाट नियुक्त हुने	४ (चार)
समूह "ख" का सर्वसाधारण शेयरधनीहरुले आफुमध्ये नियुक्त हुने	४ (चार)
नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञबाट मनोनित संचालक	१ (एक)
जम्मा	**९ जना**

९. निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

स्वीकृत विवरण मार्फत हाल कायम चुक्ता पूँजी रु.६,९१,६०,०००/- को दुई शेयर बराबर एक शेयर (२ : १) (अर्थात् विद्यमान २ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.३,४५,८०,०००/- बराबरको प्रति शेयर रु.१००/- अंकित दरका ३,४५,८०० कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि डेभलपमेन्ट बैंकले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको दुई शेयर बराबर एक शेयर (२ : १) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको ब्यवस्था अनुसार संचालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै : शिलबन्दी बोलपत्रद्वारा लिलाम बढाबढ) बाट बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

१२. हकप्रद शेयर भए सो को अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :

यस हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने छैन । तर कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्काशन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई डेभलपमेन्ट बैकको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँट गरिनेछ । स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक शेयरधनीले चाहेमा आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

१३.डेभलपमेन्ट बैंकको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात

(रु. हजारमा)

पूँजी तथा दायित्व	वास्तविक आ.ब. ०७०/०७१	वास्तविक आ.ब. ०७१/०७२	वास्तविक आ.ब. ०७२/०७३	*आ.ब. ०७३/०७४ आषाढ मसान्त सम्मको	प्रक्षेपित आ.ब. ०७४/०७५	प्रक्षेपित आ.ब. ०७५/०७६	प्रक्षेपित आ.ब. ०७६/०७७
१. शेयर पूँजी	२०,०००	२६,०००	३०,१६०	६९,१६०	१०३,७४०	१०३,७४०	१०३,७४०
२. जगेडा तथा कोषहरु	४,५८४	२,३५८	२,९०५	१२,०६७	२३,२३४	३५,६५१	४८,८७५
३. ऋणपत्र तथा बण्ड	-	-	-	-	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	-	-	-	-	-	-	-
५. निक्षेप दायित्व	११९,६०६	१३७,०७५	१५२,२२१	१८२,३९२	१८७,८६३	२३५,४५३	३२५,०३४
६. भुक्तानी दिनु पर्ने बिलहरु	-	-	-	-	-	-	-
७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	-	३१६	२१९	-	-	-	-
८. आयकर दायित्व	-	२१२	६६	३,०९८	४,७८६	५,३२२	५,६६७
९. अन्य दायित्व	१,५५८	१,३०६	१,७६१	२,३२५	१,९३७	२,१३१	२,३४४
कुल दायित्व	१४५,७४८	१६७,२६६	१८७,३३१	२६९,०४३	३२१,५५९	३८२,२९७	४८५,६६०

सम्पत्ति	वास्तविक आ.ब. ०७०/०७१	वास्तविक आ.ब. ०७१/०७२	वास्तविक आ.ब. ०७२/०७३	*आ.ब. ०७३/०७४ आषाढ मसान्त सम्मको	प्रक्षेपित आ.ब. ०७४/०७५	प्रक्षेपित आ.ब. ०७५/०७६	प्रक्षेपित आ.ब. ०७६/०७७
१. नगद मौज्दात	६,६५४	६,२७३	९,४९३	११,१८१	११,९१६	१०,३१४	९,७०३
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	-	-	-	-	-	-	-
३. बैक/वित्तीय संस्थामा रहेको मौज्दात	६,९२९	८,९६५	७,८९२	९,७८३	१०,७६१	१४,५२७	२७,६०२
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	५१,२३७	३८,३०५	३४,००३	८१,७४०	७१,४०६	७४,९७७	१०८,७१६
५. लगानी	-	-	-	-	-	-	-
६. कर्जा सापट तथा बिल खरिद	७७,८७७	१०९,१६१	१३१,४८९	१५५,०१३	२१६,२०४	२७०,०९६	३२३,९९०
७. स्थिर सम्पत्ति	१,६७९	३,८५८	३,१८८	२,७६४	३,३४७	३,६८२	४,०५०
८. गैर बैंकिङ्ग सम्पत्ति	-	-	-	-	-	-	-
९. अन्य सम्पत्ति	१,३७२	७०३	१,२६८	८,५६१	७,९२६	८,७०१	११,६००
कुल सम्पत्ति	१४५,७४८	१६७,२६६	१८७,३३१	२६९,०४३	३२१,५५९	३८२,२९७	४८५,६६०

नाफा-नोक्सान हिसाब

(रु. हजारमा)

विवरण	वास्तविक आ.ब. ०७०/०७१	वास्तविक आ.ब. ०७१/०७२	वास्तविक आ.ब. ०७२/०७३	*आ.ब. ०७३/०७४ आषाढ मसान्त सम्मको	प्रक्षेपित आ.ब. ०७४/०७५	प्रक्षेपित आ.ब. ०७५/०७६	प्रक्षेपित आ.ब. ०७६/०७७
१. ब्याज आम्दानी	१२,२१३	१६,४०८	१९,३४१	२५,५४६	३१,१२५	३६,२३७	४२,३९७
२. ब्याज खर्च	५,७९८	६,१४७	६,४८६	७,५३२	७,६५२	१०,५८३	१५,४१३
खुद ब्याज आम्दानी	६,४१५	१०,२६१	१२,८५५	१८,०१४	२३,४७३	२५,६५४	२६,९८४
३. कमिशन तथा डिस्काउण्ट	१,०४९	१,०३७	१,०४०	१,०७५	१,६१२	१,७७३	२,१२८
४. अन्य संचालन आम्दानी	६८९	५६५	७६४	७५३	१,०५४	१,६८७	२,६९९
५. सटही घटबढ आम्दानी	-	-	-	-	-	-	-
कुल संचालन आम्दानी	८,१५३	११,८६३	१४,६५९	१९,८४२	२६,१३९	२९,११४	३१,८११
६. कर्मचारी खर्च	१,६१८	१,९८७	२,५९९	२,८३७	३,१२१	३,४३३	३,७७६
७. अन्य संचालन खर्च	३,३१४	३,९१०	३,९३३	४,५५६	४,७७७	५,५३६	६,६१९
८. सटही घटबढ नोक्सान				-	-	-	
सम्भावित नोक्सानी ब्यवस्था अधिको संचालन मुनाफा	३,२२०	५,९६६	८,१२७	१२,४४९	१८,२४२	२०,१४५	२१,४१५
९. सम्भावित नोक्सानी	२५५	३१७	२७२	१,०८९	६९५	६३२	६३४
संचालन मुनाफा/(नोक्सान)	२,९६५	५,६४९	७,८५५	११,३६०	१७,५४७	१९,५१३	२०,७८१
१०. गैर संचालन आम्दानी/(नोक्सान)	-	-	-	-	-	-	-
११. सम्भावित नोक्सानी ब्यवस्थाबाट फिर्ता	-	७४९	-	-	-	-	-
नियमित कारोवारबाट भएको मुनाफा	२,९६५	६,३९८	७,८५५	११,३६०	१७,५४७	१९,५१३	२०,७८१
१२. असामान्य कारोवार बाट भएको मुनाफा/(खर्च)	-	-	-	-	-	-	-
अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी	-	-	-	-	-	-	-
सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा	२,९६५	६,३९८	७,८५५	११,३६०	१७,५४७	१९,५१३	२०,७८१
१३. कर्मचारी बोनस व्यवस्था	२७०	५८२	७१४	१,०३३	१,५९५	१,७७४	१,८८९
१४. आयकर ब्यवस्था	९३०	१,७२७	२,२१५	३,०९८	४,७८६	५,३२२	५,६६७
यस वर्षको	६५०	१,७०७	२,३१०	३,०९८	४,७८६	५,३२२	५,६६७
गत वर्षको	-	-	-	-	-	-	-
पर सारिएको आयकर आम्दानी/(खर्च)	(२७९)	(२०)	९४	-	-	-	-
खुद मुनाफा/(नोक्सान)	१,७६५	४,०९०	४,९२६	७,२२९	११,१६६	१२,४१७	१३,२२४
शेयर संख्या (हजारमा)	२००	२६०	३०२	६९२	१,०३७	१,०३७	१,०३७
प्रति शेयर आम्दानी (रु.)	८.८३	१५.७३	१६.३३	१०.४५	१०.७६	११.९७	१२.७५

नेटवर्थ सम्बन्धी विवरण

(रु. हजारमा)

विवरण	वास्तविक आ.ब. ०७०/०७१	वास्तविक आ.ब. ०७१/०७२	वास्तविक आ.ब. ०७२/०७३	*आ.ब. ०७३/०७४ आषाढ मसान्त सम्मको	प्रक्षेपित आ.ब. ०७४/०७५	प्रक्षेपित आ.ब. ०७५/०७६	प्रक्षेपित आ.ब. ०७६/०७७
चुक्ता पूँजी	२०,०००	२६,०००	३०,१६०	६९,१६०	१०३,७४०	१०३,७४०	१०३,७४०
जगेडा तथा कोषहरु	४,५८४	८,३५८	२,९०५	१२,०६७	२३,२३४	३५,६५१	४८,८७५
कुल	२४,५८४	३४,३५८	३३,०६५	८१,२२७	१२६,९७४	१३९,३९१	१५२,६१५
घटाउनेःअपलेखन गर्न बाँकी खर्च	(८५०)	(४२५)	-	-	-	-	-
कुल नेटवर्थ	२३,७३४	३३,९३३	३३,०६५	८१,२२७	१२६,९७४	१३९,३९१	१५२,६१५
शेयर संख्या (हजारमा)	२००	२६०	३०२	६९२	१,०३७.४०	१,०३७	१,०३७
प्रति शेयर नेटवर्थ (रु.)	११८.६७	१३०.५१	१०९.६३	११७.४५	१२२.४०	१३४.३७	१४७.११
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा औसत प्रतिफल	७.४४%	१२.०५%	१४.९०%	११.८७%	८.७९%	८.९१%	८.६७%
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा					९.३६%		

नोटः आ.ब.०७३/०७४ को आषाढ मसान्तसम्मको वित्तीय विवरणहरु लेखापरिक्षण हुन बाँकी तर ब्यवस्थापनबाट प्रमाणित वित्तीय विवरणहरु हुन ।

माथि उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता डेभलपमेण्ट बैंकको हालको दक्षता र निष्काशनकर्ता डेभलपमेण्ट बैंकले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विशेषज्ञमा चार्टर्ड एकाउण्टेण्ट संस्था आरकेएस एण्ड एशोसिएट्स, नारायणचौर, नक्साल, काठमाण्डांका चार्टर्ड एकाउण्टेण्ट श्री राजेश कुमार शाह रहेकोछ ।

१४. संगठित संस्थाले गर्ने भएको काममा नीहित सम्भावित आर्थिक जोखिमहरु :

क) विद्यमान बैंक तथा वित्तीय संस्थाहरु र नयाँ बैंक/वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
ख) डेभलपमेण्ट बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।
ग) देशको वित्तीय नीति, मौद्रिक नीति र बैंक तथा वित्तीय संस्था सम्बन्धी नीतिमा नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकबाट हुने परिवर्तनबाट श्रृजित हुन सक्ने जोखिमहरु ।
घ) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
छ) निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तन तथा यथा-समयमा कर्जा असुली नभई उत्पन्न हुनसक्ने आर्थिक जोखिमहरु ।
ज) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति तथा आर्थिक मन्दीबाट पर्न सक्ने जोखिमहरु ।

यस डेभलपमेण्ट बैंकको सञ्चालनको इतिहास ६ (छ) वर्षको रहेकोछ । डेभलपमेण्ट बैंकको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरु रहेका छन् । यस डेभलपमेण्ट बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा आवश्यक ध्यान पुऱ्याएको छ । यस बाहेकका व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी हुन नदिन सक्षम तथा प्रतिबद्ध छ ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिमः रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१५. हकप्रद साधारण शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :

१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व डेभलपमेन्ट बैंकले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउने छन् ।
२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिंदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली बैंकद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।
३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।
४) हकप्रद शेयरका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।
५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।
६) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।
७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिल नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।
८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा डेभलपमेन्ट बैंकको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।
९) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यवस्था गरिने हुँदा नीजहरुले शेयर खरिदका लागि आवेदन दिंदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

१६. यस डेभलपमेण्ट बैंकको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको पछिल्लो तीन महिनाको शेयर कारोबारको विवरणः

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रु.)	न्यूनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (रु.हजारमा)
०७१/०७२	९७७/-	२५०/-	९५४/-	५४.१८
०७२/०७३	१,३४०/-	४५२/-	१,२१४/-	२६.९५
०७३/०७४	७२५/-	५५०/-	६७३/-	७२.२३

महिना	अधिकतम शेयर मूल्य (रु.)	न्यूनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (रु.हजारमा)
२०७४ श्रावण	मर्जर प्रकृयामा रहेकोले कारोबार नभएको ।			
२०७४ भाद्र	मर्जर प्रकृयामा रहेकोले कारोबार नभएको ।			
२०७४ आश्विन	मर्जर प्रकृयामा रहेकोले कारोबार नभएको ।			

द्रष्टब्यः यस डेभलपमेण्ट बैंकको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

१७. शेयर बाँडफाँट सम्बन्धी ब्यवस्था :

स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" मा भएको ब्यवस्था अनुसार हकप्रद शेयरको निष्काशन बन्द भएको मितिले बढीमा तीस दिन भित्र बाँडफाँट गरी अभौतिक (Demat) रुपमा सम्बन्धित शेयरधनीको खातामा शेयर जम्मा गरे पश्चात राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

१८. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्काशनको लागि स्वीकृत भएको ७ (सात) कार्य दिन भित्र धितोपत्र सूचिकरण तथा अभौतिकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा निवेदन दिइनेछ ।

१९. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु : सो ब्यवस्था नभएको ।

२०. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

१) नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कायम हुनु पर्ने पूँजीकोषको अनुपात कायम गर्नको लागि हकप्रद शेयर निष्काशन गरी पूँजी संकलन गर्न ।
२) डेभलपमेण्ट बैंकको पूँजीगत योजना बमोजिमको पूँजी पुऱ्याउने उद्देश्य अनुरुप छैठौं बार्षिक साधारण सभाबाट दुई शेयर बराबर एक शेयर (२ : १) को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न ।
३) डेभलपमेण्ट बैंकले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।
४) डेभलपमेण्ट बैंकको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि डेभलपमेण्ट बैंकको शाखा विस्तार गरी कारोबार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन र
५) डेभलपमेण्ट बैंकको निक्षेपकर्ताहरुको हितको संरक्षणलाई सर्वोपरी राख्नको लागि बैंकको पूँजी आधारलाई मजवुत तुल्याइ राख्न ।

२१. निष्काशनबाट प्राप्त कुल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

यस "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण अनुसार हकप्रद शेयर जारी गरी प्राप्त हुने पूँजी डेभलपमेण्ट बैंकबाट देहाय बमोजिम उपयोग गरिने योजना रहेको छ ।

क्र.सं.	विवरण	रकम (रु.)
१.	तरलता कायम गर्न नेपाल राष्ट्र बैंक लगायत बैंक तथा वित्तिय संस्थामा कायम गरिने मौज्दात	करिब रु.४५,८०,०००/-
२.	कर्जा तथा लगानी प्रवाह	करिब रु.३,००,००,०००/-
	जम्मा	**करिब रु.३,४५,८०,०००/-**

२२. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी ब्यवस्था :

यस हकप्रद साधारण शेयर निष्काशनको लागि देहाय बमोजिमका बैंकहरुलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१.	श्री नेपाल इन्भेष्टमेण्ट बैक लिमिटेड, दरवारमार्ग, काठमाण्डौ	००१०१०१०३२६२५४
२.	कुमारी बैंक लिमिटेड, पुतलीसडक, काठमाडौं	०१२४५२४६१६३६७०१८

उपरोक्त निष्काशन बैंकमा दरखास्त फारम वितरण गर्ने तथा बुझिलिने ब्यवस्था गरिएको छैन ।

२३. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा ३५ (पैंतिस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम १८ बमोजिम नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी दिई निष्काशनकर्ता बैंकले सूचना प्रकाशन गरी बढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

२४. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

१. एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौ ।
२. माउण्ट मकालु डेभलपमेन्ट बैंक लि., लालीगुराँस न.पा.-२, तेह्रथुम तथा डेभलपमेण्ट बैंकको शाखा कार्यालय ।
३. नेपाल इन्भेष्टमेन्ट बैंक लि.का शाखा कार्यालयहरु : चिप्लेढुङ्गा पोखरा, विराटनगर, बीरगञ्ज, नेपालगन्ज, नारायणगढ, वुटवल र धनगढी ।

उपरोक्त स्थानहरुको अलावा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकद्वारा अन्य माध्यम मार्फत् सूचित गरिने संकलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त संकलन केन्द्रहरुबाट आवेदन फाराम तथा "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यवस्था तथा विवरणहरु" प्राप्त गर्न र आवेदन फाराम साथ शेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा एनआईबिएल क्यापिटल मार्केट्स लि.को नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौमा पठाएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिने छैन । हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम निष्काशनकर्ता बैंक श्री माउण्ट मकालु डेभलपमेन्ट बैंक लि. को वेवसाइट www.mmdbank.com वा धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको वेवसाइट www.niblcapital.com बाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ र शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता बैंक श्री माउण्ट मकालु डेभलपमेन्ट बैंक लि. को वेवसाइट www. mmdbank.com तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.niblcapital.com बाट हेर्न सकिनेछ ।

२५. संचालकहरुले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस डेभलपमेण्ट बैंकको संचालकहरुले जम्मा गर्नुपर्ने रकम रु. १८,५२,६००/- शत् प्रतिशत भुक्तानी गरिएको व्यहोरा अवगत गराउंछौं ।

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईविएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।



दरखास्त फारामको नमूना

Mount Makalu | माउण्ट मकालु डेभलपमेन्ट बैंक लि. |
Development Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत पत्र प्राप्त संस्था)
(तेह्रथुम जिल्ला कार्यक्षेत्र भएको)
लालीगुराँस न.पा.२, बसन्तपुर, तेह्रथुम, नेपाल, फोन : ०२६-६३०१२४, ४०२०३०, फ्याक्सः ०२६-४०२०३१
E-mail: info@mmdbank.com, Website: www.mmdbank.com
को

कार्यालय प्रयोजनको लागि	
शेयरको विवरण	कित्ता
भौतिक	
अभौतिक	
जम्मा कित्ता	

मितिः २०७४ /   /

हकप्रद साधारण शेयर खरिद दरखास्त फाराम

सि.नं.

मार्फतः NIBL CAPITAL एनआईबिएल क्यापिटल मार्केट्स लि. A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD. पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल फोनः ४००५०८०, फ्याक्सः ४००५०८४ Email: info@niblcapital.com Website: www.niblcapital.com

कोड नं. ☐☐☐

श्री संचालक समिति,
माउण्ट मकालु डेभलपमेण्ट बैंक लिमिटेड
वसन्तपुर, तेह्रथुम, नेपाल ।

शेयरधनी नं./परिचय नं. ☐

हितग्राही खाता नं.	DP ID	Client ID

महाशय,

त्यस डेभलपमेण्ट बैंकको ३,४५,८०० कित्ता बराबरको हकप्रद शेयर निष्कासन प्रयोजनका लागि प्रकाशित हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरुको शर्त अनुसार डेभलपमेण्ट बैंकले आफ्ना शेयरधनी दर्ता पुस्तिका बन्द गरेको मिति २०७४/७/१६. गते भन्दा अघिल्लो दिन सम्ममा मेरो/हाम्रो नाममा कायम..........................कित्ता शेयरको २ : १ को अनुपात (अर्थात विद्यमान २ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयर) को दरले हुन आउने......................कित्ता हकप्रद शेयर खरिद गर्ने हक मेरो/हाम्रो ईच्छा भएकोले प्रति शेयर रु.१००/- का दरले हुन आउने जम्मा रकम रु. .... (अक्षेरुपी..मात्र) को भौचर/ड्राफ्ट संलग्न गरी तल उल्लेखित विस्तृत विवरण सहित यो निवेदन पेश गरेको छु/छौं । डेभलपमेण्ट बैंकको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित हकप्रद शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

भौतिक रुपमा कायम रहेको (साविकको जम्मा शेयर कित्ता)		भौतिक रुपमा कायम रहेको (हक मध्ये लिन चाहेको शेयर कित्ता)	
अभौतिक रुपमा कायम रहेको (साविकको जम्मा शेयर कित्ता)		अभौतिक रुपमा कायम रहेको (हक मध्ये लिन चाहेको शेयर कित्ता)	
जम्मा		जम्मा	

प्यान नं. ☐☐☐☐☐☐☐☐☐ प्रति शेयर रु.१००/- को दरले बुझाएको रकम जम्मा रु.
अक्षरेपी रुपैयाँ
चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना | चेक नं.
रकम बुझाएको संकलन केन्द्रको नाम र ठेगाना | भौचर/ड्राफ्ट नं.
निवेदकको पूरा नाम | नेपालीमा | श्री/श्रीमती/सुश्री/नावालक
In English | Mr./Mrs./Miss/Minor | USE CAPITAL LETTER
स्थायी ठेगाना | वडा/घर नं./टोल | गा.वि.स./न.पा.
Address | Ward/House No./Tole | VDC/Municipality
जिल्ला | P.o Box No:/District | नागरिकता प्र.नं./जारी भएको जिल्ला
District | Mobile/phone No.
बाबुको नाम
Father's Name
बाजेको नाम
Grandfather's/ Name
पति/पत्नीको नाम
Husband/Wife's Name
संरक्षकको नाम (नाबालकको हकमा)
Guardian's Name (Incase of minor)

मैले/हामीले यस हकप्रद शेयरको लागि गरेको लगानीको स्रोत बैधानिक हो । नियमन निकायबाट माग भई आएको खण्डमा प्रचलित कानून बमोजिम लगानीको श्रोत उपलब्ध गराउन मञ्जुर गर्दछु/गर्दछौं ।

नोटः १. साविक शेयरधनीले आफ्नो शेयरधनी नं./हितग्राही नं. अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DPID/Client ID दुबै उल्लेख गर्नुपर्नेछ ।
३. चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ र सो को जिम्मेवार निवेदक आफै हुनेछ ।

यस दरखास्त फाराममा भरेको विवरणहरु पूर्ण रुपमा ठिक साँचो हो, यसमा कुनै फरक भएमा म निवेदक स्वयं जिम्मेवार हुनेछु ।

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

मार्फतः NIBL CAPITAL एनआईबिएल क्यापिटल मार्केट्स लि. A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD. पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल फोनः ४००५०८०, फ्याक्सः ४००५०८४ Email: info@niblcapital.com Website: www.niblcapital.com

हकप्रद शेयर खरीद रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

शेयरधनी नं./परिचय नं. ☐

Applicant's Name			
Company's Name	MOUNT MAKALU DEVELOPMENT BANK LTD.		
No. Of Shares Applied	Call Money per Share	Rs.100	Amount Deposited
Amount in Words			

For Official Use Only: Code No. ☐☐☐
Received by:
Date:
Stamp
DP ID
Client ID

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com